## बीउ पुँजी परिचालन कार्यविधि, २०७९ मार्फत सञ्चालन हुने कार्यक्रमहरुको मापदण्ड

स्वीकृत मितिः २०७९/०८/१८

प्रस्तावना: परम्परागत शैलीको पशुपालन व्यवसायलाई आधुनिकीकरण, यान्त्रिकीकरण गर्दै पशुपन्छीजन्य उत्पादनको वृद्धि, विविधिकरण र बजारीकरण कार्यलाई व्यवस्थित गर्न बीउ पुँजी परिचालन कार्यविधि, २०७९ बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको कार्यान्वयनको लागि मन्त्रालयले बीउ पुँजी परिचालन कार्यविधि, २०७९ मार्फत सञ्चालन हुने कार्यक्रमहरुको मापदण्ड" बनाई लागू गरेको छ।

### परिच्छेद-१

### आधुनिक र पूर्ण स्वचालित गाईपालन कार्यक्रम

क) आवेदक सहकारी संस्था वा दर्तावाल निजी फार्म हुनु पर्नेछ।

ख) आवेदकले कम्तीमा १० वटा दुहुनो गाई पालन गरेको हुनु पर्नेछ।

ग) आवेदकले पशुहरुको अनिवार्य रुपमा बीमा गरेको हुनु पर्नेछ।

घ) साझेदार संस्थाको छनौट गर्दा आवेदक संस्थामा दैनिक उत्पादन हुने दूधको परिमाणका आधारमा प्राथमिकीकरण गरिनेछ।

ङ) साझेदार संस्थाले गाईपालनका लागि गुणस्तरीय घाँस र आहाराको उचित व्यवस्थापन गरी आवश्यकता अनुसार दैनिक आहारा मेनु (Menu) तयार गरी Daily Diet Plan खुवाउने व्यवस्था मिलाउनु पर्नेछ ।

च) साझेदार संस्थाले आधुनिक प्रविधियुक्त गोठको निर्माण तथा व्यवस्थापन गर्नुपर्नेछ।गोबर र पिसाबको छुट्टाछुट्टै व्यवस्थापन, सरसफाईको लागि hose pipe, दुध दुहुनका लागि मिल्किङ्ग पार्लर, गोबर र पिसाबको व्यवस्थापनका लागि मल खाल्टो (गोठबाट कम्तीमा १० मिटरको दुरीमा), स्वचालित रूपमा चौबिसै घण्टा पर्याप्त मात्रामा स्वच्छ पिउने पानी उपलब्धताको उचित व्यवस्थापन गर्नु पर्नेछ।

छ) फार्ममा जैविक सुरक्षा व्यवस्थापन गर्नु पर्नेछ। सवारी साधनहरुलाई नि:संक्रमण गरी मात्र फार्ममा प्रवेश गराउने, फार्म वरिपरि बारबन्देज गर्ने तथा फार्ममा प्रवेश द्वार र निष्कासन द्वार छुट्टा छुट्टै हुने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

ज) साझेदार संस्थाले वातावरणीय जोखिम भएको ठाउँमा पशुपालन गर्नुहुदैन। पशुपालन अभ्यास वातावरणीय दृष्टिकोणले वातावरण मैत्री हुनुपर्नेछ ।

झ) साझेदार संस्थाले फार्मका सबै प्राविधिक तथा आर्थिक गतिविधिहरुको अनिवार्य अभिलेख राख्नु पर्नेछ।

ञ) फार्ममा पशु स्वास्थ्य सुरक्षाको उचित व्यवस्थापन गर्नु पर्नेछ। साझेदार संस्थाले गाईको रोग निदान तथा उपचारका लागि पशु स्वास्थ्य प्राविधिकको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ। फार्ममा पालिएका गाईहरुलाई तालिका बमोजिम खोरेत, भ्यागुते र चरचरे रोग विरुद्ध खोपहरु लगाउने र प्रत्येक ३ महिनामा गोबर परीक्षण गराई आन्तरिक तथा बाह्य परजीवी विरुद्ध औषधि खुवाउनु पर्नेछ ।दूध

दुहेपछि टिट डिपिङ्ग गर्ने, हरेक महिना कम्तीमा पनि थुनेलो परीक्षण (Mastitis Test) को व्यवस्था गर्नु पर्नेछ, रोगी पशुलाई बथानबाट अलग राख्ने गर्नु पर्नेछ।

ट) साझेदार संस्थाले सफा दूध उत्पादन गर्नको लागि देहाय बमोजिमका विधिहरु अवलम्बन गरेको हुनु पर्नेछ :

(क) गोठको सरसफाईको लागि सजिलै सफा गर्न सकिने गरी निर्माण भएको गोठ हुनुपर्नेछ ।

(ख) दुहुना पशुको शरिरको सरसफाई को लागि ब्रसिङ्ग र बाथिङ्गको व्यवस्था मिलाउनु पर्नेछ।

ठ) साझेदार संस्थाले पशु कल्याण र असल व्यवस्थापन अभ्यास (GMP) का विधिहरु अवलम्बन गरेको हुनुपर्नेछ।

## परिच्छेद-२

## सहकारी डेरी मार्ट स्थापना कार्यक्रम

क) आवेदक: डेरी मार्ट स्थापना कार्यक्रममा दैनिक न्यूनतम १००० लिटर दूध उत्पादन/ संकलन/ प्रशोधन वा विविधिकिकरण कार्यमा संलग्न दुग्ध उत्पादक सहकारी संस्था/संघले आवेदन दिन सक्नेछन् । साझेदार संस्थाको छनौट गर्दा आवेदकले दैनिक रुपमा उत्पादन/ संकलन वा प्रशोधन गर्ने दूधको परिमाणका आधारमा प्राथमिकीकरण गरिनेछ।

ख) डेरी मार्ट स्थापना कार्यक्रम सकभर नगरपालिका, नगरोन्मुख बस्तीहरु तथा घना आवादीयुक्त व्यापारिक केन्द्रलाई लक्षित गरी संचालन गरिनेछ ।

ग) डेरी मार्ट स्थापना कार्यक्रम अन्तर्गत साझेदार संस्थाले प्राप्त रकम निम्न कार्यमा खर्च गर्न सक्नेछन् ।

- बिक्री कक्ष निर्माण ( टायल/मार्वल फिटिङ्ग, सिटिङ्ग एरेन्जमेन्ट, बोर्ड/व्यानर आदि)
- मिल्क क्यान, चिलिङ्ग भ्याट, मिल्क कन्टेनर, डिस्प्ले फ्रिजर, फ्रिज, डिप फ्रिज तथा अन्य सामाग्री खरिद ।
- भेण्डिङ्ग मेशिन खरिद र जडान ।
- मिल्क डिस्पेन्सर खरिद
- डेरी पसलको सजावट र फोहोर व्यवस्थापन
- अन्य सम्बन्धित कार्यहरु।

## परिच्छेद-३

## सहकारी संस्थाहरुलाई दूध तथा दुग्ध पदार्थ ढुवानीको लागि रेफ्रिजिरेटर भ्यान वितरण कार्यक्रम

क. आवेदकः रेफ्रिजिरेटर भ्यान वितरण कार्यक्रममा सहभागी हुन दैनिक न्यूनतम ५००० लिटर दूध उत्पादन/संकलन/ प्रशोधन तथा विविधिकरण कार्यमा संलग्न दुग्ध उत्पादक सहकारी संस्था/संघले आवेदन दिन सक्नेछन्।साझेदार संस्थाको छनौट गर्दा आवेदकले दैनिक रुपमा उत्पादन/ संकलन वा प्रशोधन गर्ने दूधको परिमाणका आधारमा प्राथमिकीकरण गरिनेछ।

ख. साझेदार संस्थाले प्राप्त रकमबाट रेफ्रिजिरेटर भ्यान खरिद गर्नु पर्नेछ।

ग. रेफ्रिजिरेटर भ्यान दुध तथा दुग्धजन्य पदार्थ ढुवानी कार्यमा मात्र प्रयोग गर्नु पर्नेछ ।

घ. कार्यक्रमबाट खरिद गरिएको रेफ्रिजिरेटर कम्तीमा पनि ५ वर्ष सम्म सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-४

## मिल्क ट्याङ्कर वितरण कार्यक्रम

क. आवेदकः मिल्क ट्याङ्कर वितरण कार्यक्रममा सहभागी हुन दैनिक न्यूनतम ५००० लिटर दूध उत्पादन/ संकलन/ प्रशोधन कार्यमा संलग्न निजी उद्यमी/सहकारी संस्थाले आवेदन दिन सक्नेछन्।साझेदार संस्थाको छनौट गर्दा संस्थाले दैनिक रुपमा उत्पादन/ संकलन वा प्रशोधन गर्ने दूधको परिमाणका आधारमा प्राथमिकीकरण गरिनेछ।

ख. साझेदार संस्थाले प्राप्त रकमबाट मिल्क ट्याङ्कर खरिद गर्न सकिनेछ ।

ग. दुध ढुवानीको लागि खरिद गरिएको मिल्क ट्याङ्कर दुध ढुवानी कार्यमा मात्र प्रयोग गर्नु पर्नेछ ।

घ. कार्यक्रमबाट खरिद गरिएको साधन कम्तीमा पनि ५ वर्ष सम्म सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-५

## डेरी एक्सिलेन्सी सेन्टर स्थापनाको लागि बीउ पुँजी कोष परिचालन

क) आवेदक सहकारी संस्था वा दर्तावाल निजी फार्म हुनु पर्नेछ।

ख) आवेदकले कम्तीमा ५० वटा दुहुनो गाई/भैंसी पालन गरेको हुनु पर्नेछ।

ग) आवेदकले पशुहरुको अनिवार्य रुपमा बीमा गरेको हुनु पर्नेछ।

घ) साझेदार संस्थाको छनौट गर्दा संस्थामा दैनिक उत्पादन हुने दूधको परिमाणका आधारमा प्राथमिकीकरण गरिनेछ।

ङ) साझेदार संस्थाले गाई/भैंसीपालनका लागि गुणस्तरीय घाँस र आहाराको उचित व्यवस्थापन गरी आवश्यकता अनुसार दैनिक आहारा मेनु (Menu) तयार गरी Daily Diet Plan खुवाउने व्यवस्था मिलाउनु पर्नेछ ।

च) साझेदार संस्थाले आधुनिक प्रविधियुक्त गोठको निर्माण तथा व्यवस्थापन गर्नुपर्नेछ। गोबर र पिसाबको छुट्टाछुट्टै व्यवस्थापन, सरसफाईको लागि hose pipe, दुध दुहुनका लागि मिल्किङ्ग पार्लर तथा मिल्किङ मेशिनको व्यवस्थापन, गोबर र पिसाबको व्यवस्थापनका लागि मल खाल्टो (गोठबाट कम्तीमा १० मिटरको दुरीमा), स्वचालित रूपमा चौबिसै घण्टा पर्याप्त मात्रामा स्वच्छ पिउने पानी उपलब्धताको उचित व्यवस्थापन गर्नु पर्नेछ।

छ) फार्ममा जैविक सुरक्षा व्यवस्थापन गर्नु पर्नेछ। सवारी साधनहरुलाई नि:संक्रमण गरी मात्र फार्ममा प्रवेश गराउने, फार्म वरिपरि बारबन्देज गर्ने तथा फार्ममा प्रवेश द्वार र निष्कासन द्वार छुट्टा छुट्टै हुने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

ज) साझेदार संस्थाले वातावरणीय जोखिम भएको ठाउँमा पशुपालन गर्नुहुँदैन । पशुपालन गर्ने स्थान वातावरणीय दृष्टिकोणले वातावरण मैत्री हुनुपर्नेछ ।

झ) साझेदार संस्थाले फार्मका सबै प्राविधिक तथा आर्थिक गतिविधिहरुको अनिवार्य अभिलेख राख्नु पर्नेछ।

ञ) साझेदार संस्थाले गाई/भैंसीको खोप कार्य संचालन, रोग निदान तथा उपचारका लागि अनिवार्य रुपमा पशु चिकित्सा विषयमा कम्तीमा स्नातक गरेको पशु चिकित्सकको व्यवस्था गरेको हुनु पर्नेछ।

ट) साझेदार संस्थाले पशु कल्याण र असल व्यवस्थापन अभ्यास (GMP) का विधिहरु अवलम्बन गरेको हुनुपर्नेछ।

ठ) साझेदार संस्थाले दूध संकलनको लागि कम्तीमा ५०० लिटर क्षमताको चिलिङ भ्याट (Chilling Vat) र दूध परीक्षणको लागि मिल्क एनालाइजर (Milk Analyser) प्रयोग गरेको हुनु पर्नेछ।

ड) डेरी एक्सिलेन्सी सेन्टर गाई/भैंसी पालनको लागि गोठ निर्माण तथा व्यवस्थापन, जैविक सुरक्षाका विधिहरु, असल व्यवस्थापन अभ्यास (GMP), दूध भण्डारण र परीक्षण लगायतका विषयमा ज्ञान हासिल गर्न वा तालिम संचालन गर्न चाहनेहरुको लागि उचित गन्तव्य हुने किसिमको हुनु पर्नेछ।

## परिच्छेद-६

## बीउ पुँजी कोष मार्फत बाख्रा स्रोत केन्द्र स्थापना

क) आवेदक: निजी फार्म/सहकारी/कृषक समूह

ख) आवेदकले कम्तीमा ३०० वटा बाख्रा पालन गरेको हुनु पर्नेछ।

ग) साझेदार संस्थाले आधुनिक खोरको निर्माण तथा व्यवस्थापन गर्नुपर्नेछ। बड्क्यौला र पिसाबको छुट्टाछुट्टै व्यवस्थापन, सरसफाईको लागि hose pipe, बड्क्यौला र पिसाबको व्यवस्थापनका लागि मल खाल्टो (खोरबाट कम्तीमा १० मिटरको दुरीमा), चौबिसै घण्टा पर्याप्त मात्रामा स्वच्छ पिउने पानी उपलब्धताको उचित व्यवस्थापन गर्नु पर्नेछ।

घ) फार्ममा जैविक सुरक्षा र असल व्यवस्थापन अभ्यासका विधिहरु अवलम्बन गरेको हुनु पर्नेछ।

## परिच्छेद-७

## बीउ पुँजी कोष मार्फत बंगुर स्रोत केन्द्र स्थापना

क) आवेदक: निजी फार्म/सहकारी/कृषक समूह

ख) आवेदकले कम्तीमा २०० वटा बंगुर पालन गरेको हुनु पर्नेछ।

ग) साझेदार संस्थाले आधुनिक खोरको निर्माण तथा व्यवस्थापन गर्नुपर्नेछ। खोरको सरसफाईको लागि hose pipe, मलमूत्र व्यवस्थापनका लागि मल खाल्टो (खोरबाट कम्तीमा १० मिटरको दुरीमा), चौबिसै घण्टा पर्याप्त मात्रामा स्वच्छ पिउने पानी उपलब्धताको उचित व्यवस्थापन गर्नु पर्नेछ।

घ) फार्ममा जैविक सुरक्षा र असल व्यवस्थापन अभ्यासका विधिहरु अवलम्बन गरेको हुनु पर्नेछ।